"खानेपानी, सडक, विद्युत, कृषि, पर्यटन, संचार, खेलकुद, स्वास्थ्य, शान्तिसुरक्षा र शिक्षा: पौवादुङमावासीलाई उपलब्ध गराउने गाउँपालिकाको ईच्छा"

# पौवादुङमा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
च्याङ्ग्रे, भोजपुर
१ नं.प्रदेश, नेपाल

पत्र सं.:-२०७८/०७९ प्रशासन
चलानी नं.:- ३५१

मितिः-२०७८/०८/१०

विषय : कोभिड - १९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण जानकारी सम्बन्धमा ।

श्री पौवादुङमा गाउँपालिका
वडा कार्यालयहरु, सबै भोजपुर ।

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. १५९, मिति २०७८/०७/२५ को पत्र मार्फत कोभिड - १९ को कारण रोजगारी र आय आर्जनको अवसर गुमाएका अति विपन्न गरिब परिवारहरुलाई राहत स्वरुप नगद अनुदान प्रदान गर्ने कार्यक्रम भएकोले नेपाल सरकारबाट जारी "कोभिड - १९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८" को अनुसूचि - २ बमोजिमको ढाँचामा यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र नगद हस्तान्तरण गर्न योग्य लाभग्राहीहरुको निवेदन संकलन गरी यस कार्यालयमा पठाउन हुन जानकारीको लागि अनुरोध छ ।

नगद राहत प्राप्त गर्न आवश्यक विवरण :

(क) नगद राहत प्राप्त गर्न योग्य लाभग्राही

- विगतमा गर्दै आएको रोजगारी पूर्णरुपमा गुमाएको र रोजगारीको अर्को अवसर समेत प्राप्त गर्न नसकी बेरोजगार भएको असंगठित क्षेत्रको मजदूर वा कामदार,
- खुला सडक, फुटपाथ वा चौरमा खर्पन, नाङ्लो, डोको आदिमा सामान बेच्ने विपन्न व्यवसायी,
- दैनिक ज्याला मजदूरी गर्ने भरिया, कृषि मजदूर, गोठाला, खेताला, ज्यालादारी श्रमिक, रिक्साचालक, ठेलागाडा मजदूर, सार्वजनिक यातायातका मजदूर, पर्यटक भरिया,
- कोभिड - १९ सङ्क्रमणको कारणबाट एकाघर परिवारको आयआर्जन गर्ने मुख्य सदस्यको मृत्यु भई आर्थिक संकट झेल्नु परेको परिवार तथा अभिभावक गुमाएका असहाय नाबालकलाई स्याहार गर्ने परिवार ।

(ख) नगद राहत प्राप्त गर्न अयोग्य परिवार :

- निवेदन दिदाको समयमा निवेदकको एकाघर परिवारका कुनै सदस्यले सरकारी, निजी वा अन्य कुनै संघसंस्था वा बैदेशिक रोजगारीमा सथायी, अस्थायी वा करारमा रोजगारीको अवसर प्राप्त गरी आय आर्जन गरिरहेको,
- परिवारको कुनै सदस्यले नेपाल सरकारबाट उपलब्ध हुने अन्य सामाजिक सुरक्षा -जेष्ठ नागरिक, एकल महिला, दलित वा अपाङ्ग) बापतको भत्ता वा नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थाबाट निभृत्तभरण वा विदेशी सरकारबाट पेन्सन सुविधा प्राप्त गरिरहेको,
- सञ्चित आय वा पैत्रिक सम्पत्तिबाट तत्कालको खर्च आवश्यकता पुरा गर्न सक्ने अवस्थामा रहेको,
- प्रधानमन्त्री रोजगार कार्यक्रम वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यक्रम बमोजिम यस प्रयोजनका लागि एक पटक राहतको रुपमा नगद प्राप्त गरेको परिवार ।

२०७८/०८/१०

.............................................
रमेश राई
प्रमुख प्रशासकीय अधिकृत